APEIRON

MAHILA SASHAKTIKARANDWARA
GRAMIN NEPAL KO
GARIBI NIWARAN

महिला सशक्तीकरणद्वारा ग्रामीण नेपालको गरिबी निवारण (आपेरोन)

Alleviate Poverty Empowering Women in Rural Areas of Nepal (APEIRON)





# वार्षिक प्रगति प्रतिवेदन

## २०७८-२०७९

# विषय सुची


| | |
|---|---|
| १. परिचय | २ |
| २. हाम्रा रणनीतिहरू | ३ |
| क) प्रभाव | ३ |
| ख) उत्तम प्रभाव | ४ |
| ३. आपेरोनको मुल्य मान्यता | ५ |
| ४. आपेरोन परिवर्तनको सिद्धान्त | ६ |
| ५. यस वर्षको मुख्य उपलब्धिहरू | ७ |
| ६. आ.व. २०७९/२०८० का योजना तथा कार्यक्रमहरू | ८ |
| परियोजनाको प्रगति प्रतिवेदन | ९ |
| ७. परियोजनाहरू | १० |
| ७.१. काजा सिन्धुली सुरक्षित आवास गृह संचालन सहयोग कार्यक्रम - Casa Nepal Shelter Support Program | १० |
| ७.२. सानोनानी-बाल संरक्षण तथा विकास परियोजना - Sanonani Child Protection and Development Project | १३ |
| ७.३. एक स्थान शिक्षा - One Spot Education Project, Phase – I | १५ |
| ७.४. एक स्थान शिक्षा (दोश्रो चरण) - One Spot Education Project, Phase - II | १७ |
| ७.५. नयाँ शिक्षा - New Shikshya project | १९ |
| ७.६. नयाँ आधारभुत शिक्षाको गुणस्तरमा सुधार - Promoting Quality education in Rural areas of Nepal Project | २१ |
| ७.७. कृषिमुल्य श्रृङ्खला पद्धति विकास परियोजना, जुम्ला - Agriculture Value Chain Development (AVCD) Project | २३ |
| ७.८. शिक्षा सबैका लागी (दोश्रोचरण) - Education for all Project, Phase-II | २५ |
| ७.९. स्वास्थ्य सम्बन्धि तालिम कार्यक्रम - Training on Health Manual Project | २६ |
| ८. सफलताको कथाहरू | २७ |
| ९. कार्यक्रमको फोटोहरू | ३१ |

## १. परिचय

“महिला सशक्तिकरणद्वारा ग्रामीण नेपालको गरिबी निवारण’ (Alleviate Poverty Empowering women In Rural areas of Nepal - APEIRON) (आपेरोन) संस्था दर्ता ऐन २०३४ अनुसार मिति २०७०/०६/०७ मा काठमाडौं जिल्ला प्रशासन कार्यालय बबरमहलमा दर्ता भई समाज कल्याण परिषद्मा (नं. ३८१००) आवद्ध एक गैर सरकारी, गैर राजनैतिक, मुनाफा रहित विशुद्ध सेवाको भावले स्थापित सामाजिक संस्था हो। स्थापना काल देखि नै यस संस्थाले सामाजीक समस्याको चपेटामा परेका गरिब, पिछडिएका एवं सिमान्तकृत वर्गको क्षेत्र र त्यस्तो क्षेत्रका महिलाहरूको हितमा कार्य गर्दै आइरहेको छ । खास गरी लैङ्गिक हिंसा पिडित तथा प्रभावित महिलाहरूलाई सुरक्षीत आवासीय पुनःस्थापना केन्द्रमा आश्रय दिइ अनौपचारिक शिक्षा, तालिम एवं आय-आर्जन मूलक सीप सिक्नमा सहयोग दिनुका साथै कामको अवसर खोजि तथा स्व-लघु उद्यमका लागि सहयोग प्रदान गरि आत्मनिर्भर बन्न सहयोग पुऱ्याउदै समाजमा पुनः स्थापित गर्दै आएको छ।

APEIRON ले लैङ्गिक हिंसा प्रभावित महिला र बालबालिकाहरूको विभिन्न चुनौतीहरूको समाधान गरी उनीहरूको जिवनस्तर उकासी स्वस्थ्य, सक्षम र क्षमतावान् नागरीक बनाउनको लागि निम्न ५ वटा क्षेत्रमा काम गर्दै आईरहेको छ । (क) लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया (ख) प्रभावित महिला र सामाजिक आर्थिक सशक्तिकरण (ग) अनाथ तथा प्रचावित बालबालिकाहरूको संरक्षण र शिक्षा (घ) महिला, पुरूष तथा किशोर किशोरीहरूको प्रजनन् स्वास्थ्य अधिकार (ङ) संस्थागत साझेदारी र सहयोग । आ.व. २०७८-२०७९ मा यस संस्थाले गरेको विभिन्न परियोजना तथा कार्यक्रमहरूका मुख्य उपलब्धिहरूलाई छोटकरीमा प्रस्तुत गरिएको छ।




Figure 1 : Special General Assembly of APEIRON

## २. हाम्रा रणनीतिहरू

नेपाली समाजमा अझै पनि लैङ्गिक समानता पाईदैन । लैङ्गिक असमानता, अन्य सामाजिक, आर्थिक तथा कानुनी असमानताहरूको मूल कारणको रूपमा पनि रही आएको छ, यस्ता असमानताहरूका कारणले सबै व्यक्तिहरूलाई अवसरहरूबाट बन्चित गराउदछन् जसले गर्दा मानिसहरू आफ्नो अधिकारहरू प्राप्त गर्न तथा सफलतापुर्वक जीवन जिउन बाधा पुर्याउँदछ ।

आपेरोनले नेपालमा लैंगिक समानताको लागि प्रमुख बाधाहरू पहिचान गरेको छ ।

१. पितृसत्तात्मक विश्वास र लैङ्गिक भुमिकाहरू
२. कानुनी असमानता
३. बालविवाह जस्ता हानीकारक परम्परागत प्रचलनहरूले गहिरो जरा गाड्छन्
४. महिला तथा किशोरीहरूमा आफ्ना हक र अधिकारहरूको बारेमा ज्ञान तथा चेतनाको कमी
५. सार्वजनिक जीवनमा महिलाको सहभागिता पुरुषको तुलनामा कम छ
६. पुरुषहरूको तुलनामा महिलाहरूको घरेलु काममा भार बढी हुन्छ
७. पारिवारिक अपेक्षाहरूले लैङ्गिक भूमिका र व्यवहारलाई सीमित गर्दछ
८. महिला र किशोरीहरूको लागि प्रतिबन्धित गतिशिलता
९. पुरुषहरूको तुलनामा महिलाहरूको साक्षरता कम छ
१०. प्रभावित महिला तथा बालिकाहरूको लागि सामाजिक आर्थिक अवसरहरूमा सीमित पहुँच
११. प्रभावित बालबालिकाको लागि सीमित संरक्षण र शिक्षाको प्रावधान

यी अवरोधहरूलाई सम्बोधन गर्न आपेरोनको कार्य क्षेत्रहरू यसप्रकार छन् ।

**कार्यक्षेत्र १ : लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया**
(Gender based violence prevention and response)
- सुरक्षित आवास गृह
- मनोसामाजिक सहयोग
- कानुनी सहयोग
- हेरचाहकर्ताको लागि स्व-हेरचाह
- पारिवारिक परामर्श

**कार्यक्षेत्र २ : प्रभावित महिलाहरूको सामाजिक आर्थिक सशक्तिकरण**
(Vulnerable women's socio economic empowerment)
- रोजगारीका लागि सीपहरू
- लघु उद्यमशिलको लागि सहयोग
- जीवन उपयोगी सीप तथा साक्षरता
- शैक्षिक छात्रवृत्ति

**कार्यक्षेत्र ३ : अनाथ र प्रभावित बालबालिकाहरूको संरक्षण र शिक्षा**
(Orphans and Vulnerable Children (OVC) protection and education)
- बालबालिकाहरूको लागि आवास गृह
- आवास गृहको छात्रवृत्ति
- बालबालिकाहरूको शिक्षा र विद्यालय सहयोग

**कार्यक्षेत्र ४: महिला, पुरुष तथा किशोर किशोरीहरूको प्रजनन् स्वास्थ्य अधिकार**

(Women, men, girls' and boys' reproductive health rights )

- प्रजनन् स्वास्थ्य अधिकार
- समानताका बाधाहरूको बारेमा जागरुकता

**कार्यक्षेत्र ५: संस्थागत साझेदारी र सहयोग**

(Institutional partnership and collaboration)

- आवास गृहको संजाल
- बालिका अधिकारको संजाल

## क) प्रभाव

लैङ्गिक हिंसा प्रभावित महिला तथा अनाथ र जोखिममा परेका बालबालिकाहरूको स्रोतमा पहुँच र नियन्त्रण, न्यून साक्षरता र अन्य सामाजिक आर्थिक र कानुनी चुनौतिहरू लगायत आफ्नो जीवनमा रहेका अवरोधहरू पार गर्न सक्छन् ।

## ख) उत्तम प्रभाव

लैङ्गिक समानता हासील गरिएको छ : लैङ्गिक तथा सबै असमानताहरुलाई कम गरिन्छ ताकि सबै मानिसहरूले आफुले रोजेका अवसरहरू पाउन सक्छन् । लैङ्गिकताको आधारमा कुनै पनि अधिकार, श्रोत र सेवाहरूबाट बञ्चित हुने छैनन् ।

## ३. आपेरोनको मुल्य र मान्यताहरू

APEIRON को कामलाई मार्गदर्शन गर्ने मुल्य र मान्यताहरू :

### सहभागिता

हामी समुदायलाई सशक्त बनाउने सहभागितामूलक कार्यक्रमहरू सिर्जना गर्नमा विश्वास गर्छौं र हामी समुदाय र व्यक्तिहरूको आवश्यकतालाई राम्रोसँग प्रतिक्रिया दिनको लागि समय निकाल्छौं।

### समग्र सोच

हामी प्राविधिक र अन्य सीपहरूलाई समेटी विभिन्न दृष्टिकोणबाट कार्यक्रम तयार गरी महिला, बालबालिका तथा किशोर किशोरीहरूको जिवन विकासको लागि कार्यान्वयन गर्छौं।

### पारदर्शिता

हामी पारदर्शिताको लागि कर्मचारीहरू, कार्यसमितिका सदस्यहरू, साझेदारहरू, दातृ निकायहरू र कार्यक्रम सहभागीहरू बीच बजेट, खर्च, हाम्रा सफलता र असफलताहरू छलफल गरी मुल्याङ्कन गर्छौं।

### सम्बन्ध


हामी हाम्रा कर्मचारीहरू, कार्यसमितिका सदस्यहरू, साझेदारहरू, दातृ निकायहरू र कार्यक्रम सहभागीहरू मार्फत् विश्वव्यापी, राष्ट्रिय र स्थानीय मुद्दाहरूमा जोडिएर रहन्छौं। यसले हामीलाई लैङ्गिक समानता र महिला सशक्तिकरण सम्बन्धी संवादहरूमा सचेत र उत्तरदायी बनाउँछ।

### प्रगती

हाम्रो लोगो नै निरन्तर प्रगतिको प्रतीक हो। हाम्रो लक्ष्य सदैव नेपाली घरपरिवार, समुदाय र समाजमा महिला र बालिकाहरूको समान, अर्थपुर्ण सहभागिताको लागि रहिरहन्छ।

# ४. आपेरोन परिवर्तनको सिद्धान्त (Theory of Change)

परिवर्तनको सिद्धान्त एक विशेष सन्दर्भमा परिवर्तन कसरी र किन हुने अपेक्षा गरिन्छ भन्ने विस्तृत विवरण र दृष्टान्त हो । यसले परिवर्तनको प्रक्रिया त्यो परिवर्तनको अपेक्षित नतिजा र संस्थाले यी नतिजाहरू कसरी प्राप्त गर्नेछ भन्ने कुराको वर्णन गर्दछ । आपेरोनको परिवर्तनको सिद्धान्तलाई निम्नअनुसार वर्णन गरिएको छ ।



## ५. यस वर्षको मुख्य उपलब्धिहरू

संस्थाले आफ्नो उद्देश्य अनुरूप लैङ्गिक हिंसा रोकथाम, आय आर्जन तथा सीप विकाश सचेतना तथा शिक्षाका लागि सहयोग जस्ता कार्यक्रमहरूका साथै विभिन्न मानवीय सहयोग पुर्याउने कार्यक्रम तथा परियोजनाहरू संचालन गर्दै आईरहेको छ । लैङ्गिक हिंसा प्रभावितहरूसम्म हिंसाको बारेमा बुझाउन र दुर्गम स्थानहरूमा हाम्रो सुचना पुर्याउन साथैं उनीहरूको समस्याहरूलाई सम्बोधन गर्न **हामी छौ नि**.... भन्ने फेसबुक पेजलाई निरन्तरता दिदैं धेरै महिलाहरूमा पहुँच पुर्याउन सफल भएका छौं ।

यस आर्थिक वर्ष २०७८-७९ मा भएका कार्यक्रमहरूको मुख्य उपलब्धिहरू निम्नानुसार छन् :

- प्रभावित केन्द्रित अवधारणाको आधारमा सुरक्षित आवास गृह संचालन कार्यविधि २०७९ संशोधन गरिएको ।
- संस्थाको Reserved Fund सम्बन्धि नीति तयार पारिएको ।
- संस्थाको स्वास्थ्य तथा सुरक्षा निर्देशिका तयार पारिएको ।
- उद्यमशिलता तथा बित्तिय साक्षरता सम्बन्धि कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी संस्थाको आफ्नै तालिम निर्देशिका तयार गरिएको ।
- लैङ्गिक हिंसा प्रभावितको हेरचाह गर्ने आवास गृह र बाल गृहको कर्मचारीहरूले आवास गृहमा प्रयोग गर्ने उद्धेश्यले स्वास्थ्य निर्देशिका तयार पारी सो बारेमा प्रशिक्षण दिईएको ।
- कर्मचारीहरूलाई प्रभावित केन्द्रित अवधारणा र घटना व्यवस्था सम्बन्धि तालिम दिईएको ।
- सिन्धुली आवास गृहमा र श्री भैरवी आधारभुत विद्यालय गुण्डु-७, भक्तपुरमा प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गरी संचालन गरिएको ।
- सिन्धुली जिल्लामा संचालन भईरहेको आवास गृह कमलामाई नगरपालिकाले भवन प्रदान गरेपश्चात् माघ २०७८ देखि आवास गृह नगरपालिकाको भवनमा संचालन गर्न सफल भएको ।
- सिन्धुली जिल्लामा नेपाल प्रहरीबाट र भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं. ७, गुण्डुबाट संस्थाले सो क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप प्रंशसा पत्र प्राप्त भएको ।
- संस्थाबाट संचालित कार्यक्रमहरू निरन्तरताको लागि दातृ संस्थासँग सम्झौता गरीएको ।
- जुम्ला जिल्लामा महिलाहरूको लागि कृषिमा आधारीत जिविकोपार्जन सुधार कार्यक्रमको शुरू गरिएको ।
- सरकारी कार्यालय तथा स्थानीय तहहरूबाट सिफारीस भई आएका हिंसाको घटनाहरूमा सरोकारवाला निकायहरूसँग समन्वय गरी घटनाको समाधानको लागि सम्बोधन गरिएको ।
- आवास गृहमा प्रभावितहरूद्धारा निर्मित उत्पादन गरिएको सामाग्रीहरूलाई आपेरोन नेपाल कम्पनी मार्फत् स्थानीय बजारमा पुर्याएको ।
- यस वर्ष २ वटा आवास गृहबाट २०१ जना महिला र ६९ बालबालिकाहरूले र बाल गृहबाट २४ जना बालबालिकाले सेवा पाएको ।
- कृषि कार्यक्रम अर्न्तगत २०० जना महिलाहरूले जुम्ला जिल्लामा आयआर्जन सम्बन्धि (२५ जनालाई बाख्रापालन, १०० सिमि खेती र ३५ जनाले तरकारी खेतीको) काम गरीरहेको ।
- ४९५ जना महिलाहरू विभिन्न सचेतनामुलक कार्यक्रम तथा क्षमता अभिवृद्धि तालिममा सहभागी भएको ।
- १३१ जना बालबालिका र २५१ जना महिलाहरूले स्वास्थ्य सेवा लिएको ।
- ८५ बालबालिकाले प्रारम्भिक बाल विकास केन्द्र र ३९४ जना बालबालिकाले औपचारीक शिक्षामा सेवा पाएको ।
- लचिलो कोष मार्फत् (Flexible Fund) महिलाहरूको आकस्मिक सहायता गरी उनीहरूको

जिवनस्तर सहज बनाउन सहयोग गरियो । यस वर्ष ३८ जना महिलाहरुलाई लचिलो कोषको प्रदान गरिएको ।

- यस वर्ष दातृसंस्था APEIRON ODV को प्रतिनिधि Barbara Monachesi को आपेरोनको केन्द्रिय कार्यालय, आवास गृह, बाल गृह, अन्य परियोजनाहरुको भ्रमण तथा सरोकारवाला निकायहरुसँग अर्न्तक्रिया गरी आगामी दिनमा आपेरोनको कार्यक्रम अझ बढी प्रभावकारी रुपमा संचालन गर्नको लागि सल्लाह सुझाव महत्वपुर्ण भएको ।

## ६. आ.व. २०७९/२०८० का योजना तथा कार्यक्रमहरु

- संस्थाको विकासको लागि निती नियमहरु परिमार्जन गर्दै लैजाने,
- फन्ड रेजिंग तथा दातृनिकायहरुसँग सन्जाल बिस्तार गर्नका लागि नयाँ सह क्षेत्रहरुको पहिचान गर्ने तथा दातृनिकायसँग पहुँच पुर्याउनको लागि प्रस्तावना लेख्ने,
- प्रविधि र प्राविधिक सिप स्तर वृद्धि गर्दै जाने,
- आन्तरिक संगठनात्मक दिशानिर्देश विकास,
- नया सञ्जालहरु र संस्थागत सहकार्यको खोजि तथा विकास,
- कार्यक्रमहरुको राम्रो अनुगमन तथा मुल्यांकन प्रणाली विकास गर्ने,
- सरकारी निकायहरुसँगको समन्वय तथा सहकार्य अझै सुदृढ बनाउने,
- विशेषज्ञताको आधारमा संस्थाको सदस्यता थप गर्दै लैजाने ।
- आवास गृहहरुलाई दिगो बनाउन राष्ट्रिय स्तरमा तथा स्थानीय तहहरुमा समन्वय तथा सहकार्य गर्ने ।

संस्थागत विकास तथा क्षमता अभिवृद्धिका आयामहरुमा समेत ध्यान दिदै हाल सञ्चालन गरिरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै श्रोत उपलब्धताका आधारमा नयाँ कार्यक्रमहरु समेत सञ्चालन गर्ने योजना छ ।

## ७. परियोजनाको विवरण

आ. व. २०७८/०७९ मा आपेरोन अर्न्तगत सन्चालनमा भएका परियोजनाहरुको विवरण यसप्रकार छन् । परियोजना विस्तारमा तल दिईएको छ ।

७.१. काजा सिन्धुली सुरक्षित आवास गृह संचालन सहयोग कार्यक्रम - Casa Sindhuli Shelter Project

७.२. सानोनानी-बाल संरक्षण तथा विकास परियोजना - Sanonani Child Protection and Development Project

७.३. एक स्थान शिक्षा - One Spot Education Project, Phase – I

७.४. एक स्थान शिक्षा (दोश्रो चरण) - One Spot Education Project, Phase - II

७.५. नयाँ शिक्षा - New Shikshya Project

७.६. नयाँ आधारभुत शिक्षाको गुणस्तरमा सुधार - Promoting Quality education in Rural areas of Nepal Project

७.७. कृषिमुल्य श्रृङखला पद्धति विकास परियोजना, जुम्ला - Agriculture Value Chain Development (AVCD) Project

७.८. शिक्षा सबैका लागी (दोश्रोचरण) - Education for all Project, Phase-II

७.९. स्वास्थ्य सम्बन्धि तालिम कार्यक्रम - Training on Health Manual Project

APEIRON

MAHILA SASHAKTIKARANDWARA
GRAMIN NEPAL KO
GARIBI NIWARAN



# परियोजनाको प्रगति प्रतिवेदन

## (Project Progress Report)

## १. परियोजनाको नाम (Project name)

**काजा सिन्धुली सुरक्षित आवास सहयोग परियोजना**
Casa Sindhuli Shelter Support Program

यस परियोजना अर्न्तगत सन् २००७ देखि हालसम्म निरन्तर काजा नेपाल सुरक्षित आवास गृह लैङ्गिक हिंसा प्रभावित महिला र उनीहरुमा आश्रीत बालबालिकाहरुलाई सहयोग पुर्याउने उद्धेश्यले काठमाण्डौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिकामा संस्थाको आफ्नै भवनमा संचालन भईरहेको छ साथैं विगत ५ वर्षदेखि सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा आवास गृह संचालन भईरहेको छ ।

## परियोजना अवधि

१ वर्ष (अगष्ट २०२१ देखि जुलाई २०२२ सम्म)

## परियोजना स्थल

कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौं र कमलामाई नगरपालिका, सिन्धुली

## लाभान्वित संख्या

१५० लैङ्गिक हिंसा प्रभावित महिलाहरू र उनीहरुमा आश्रीत बालबालिकाहरू

## परियोजनाको मूल उद्धेश्य

- लैङ्गिक हिंसा प्रभावित महिलाहरुको सेवामा पहुँच बढाउने (सुरक्षित आवास, मनोविमर्श सेवा, स्वास्थ्य सेवा, कानुनी सेवा, सिपमुलक तालिम, सचेतना कार्यक्रम)
- सामाजिक मूल्य मान्यता जस्तै बालविवाह, जर्बरजस्ती विवाह, यौन स्वास्थ्य, प्रजनन अधिकार, महिला अधिकार सम्बन्धी शिक्षा तथा जनचेतना अभिवद्धि गर्ने ।
- आयआर्जन गर्ने सीप विकास गरी महिलाहरुलाई आत्मनिर्भर बनाउने ।

## परियोजनाको क्रियाकलापहरु

- नेपाल सरकारको मापदण्ड अनुसार आवास गृह संचालन गर्ने र आवास गृहमा आएका लैङ्गिक हिंसा प्रभावित महिलाहरू र उनीहरुमा आश्रीत बालबालिकाहरू निरन्तर संरक्षण तथा विकास सम्वन्धी सेवाहरू दिने जस्तै :
- स्वास्थ्य जाँच
- मनोविर्मश परार्मश सेवा
- नियमित योगा कक्षा
- साक्षरता कक्षा
- विभिन्न किसीमका बुनाई सम्बन्धि कक्षा
- सिलाई तालिम, व्युटिपार्लर तालिम, मन्टेश्वरी तालिम, सेक्युरिटी गार्ड तालिम, हाउस किपीङ्ग, केयर गिभर, कुकिङ्ग
- सिप विकासको लागी अन्य संस्थाहरुमा सहजीकरण तथा सिफारीस गर्ने ।
- रोजगारीको लागि बाहिर काममा जाने आउने सुविधा
- बालबालिकाहरूको लागि ECD कक्षा संचालन
- बालबालिकाहरूलाई विद्यालय पढ्न सहयोग
- महिलाहरुको लागि विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलापहरु (हप्तामा १ पटक डान्स कक्षा संचालन) ।

- स्वास्थ्य सम्बन्धि सचेतना कक्षा।
- जिवन उपयोगी सिप तालिम
- उद्यमशिल तथा बित्तिय साक्षरता सम्बन्धि तालिम
- घरेलु हिंसा, बालविवाह, बहुविवाह, यौंन दुर्व्यवहार लगायत अन्य विषयमा सचेतना कक्षा संचालन।
- मन्टेश्वरी कक्षामा सहयोगी कर्मचारीको रूपमा परिचालन।
- कानुनी परामर्शका लागि अन्य संस्थामा सिफारिस।
- परिवार नातेदारसंग सम्पर्क तथा भेटघाट।
- वडा, गाँउपालिका तथा नगरपालिका, नेपाल प्रहरीहरूसँग समन्वयमा प्रभावितको सुरक्षाको सुनिश्चीतता पश्चात् लैङ्गिक हिंसा प्रभावित महिलाहरू र उनीहरूमा आश्रीत बालवालिकाहरूलाई परिवार तथा समुदायमा पुर्नस्थापना सेवा प्रदान गर्ने।
- अन्य वैकल्पिक स्याहारका विकल्पहरूको खोजी गर्ने ।

## परियोजनाका उपलब्धिहरु (आर्थिक वर्ष २०७८/०७९)

- नेपाल सरकारको मापदण्ड अनुसार आवास गृह संचालन गरी यस वर्ष सिन्धुली जिल्लामा रहेको सुरक्षित आवास गृहबाट ११३ जना र काठमाण्डौमा रहेको काजा नेपाल आवास गृहबाट ८८ गरी २ वटा सुरक्षित आवास गृहबाट २०१ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरू र उनीहरूमा आश्रीत ६९ बालबालिकाहरूले सेवा पाएका छन्।
- यसै वर्षबाट सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाको सहयोगमा सुरक्षित आवास गृहको लागि भवन निर्माण, आवास गृहलाई सि.सि.टि.भि., नगर प्रहरी लगायत अन्य सुरक्षा सहयोग र अत्यावश्यक सामाग्रीहरू सहयोग हुदैं आईरहेको छ।
- साना बालबालिकाहरू ४९ जनाले पुर्व प्रारम्भिक बालविकास केन्द्र (ECD) मा सहभागी भई शैक्षिक गतिविधिमा सहभागिता भएका छन्। आवास गृहमा संचालन भएका ECD कक्षाले बालबालिका र उनीहरूको आमाहरूलाई सहज बनाएको छ।
- विद्यालय जाने उमेरका ८ जना बालबालिकाहरूलाई विद्यालय भर्ना गरी नियमित पढ्नको लागि सहयोग प्रदान गरिएको छ।
- आवास गृहमा बसेका ६२ जना प्रभावित महिलाहरूले विभिन्न सिपमुलक तालिमहरू लिएर काम गरीरहेका छन्।
- २५१ जना महिला तथा ९७ जना बालबालिकाहरूले आवश्यकता अनुसार स्वास्थ्य उपचार सेवा पाएका छन्।
- आवास गृहमा बसेका २०१ जना महिलाहरूले ७२८ पटक मनोसामाजिक परामर्श सत्रहरू संचालन गरियो, जसले महिलाहरूमा मानसीक समस्याहरू समाधान गर्दै आर्थिक सशक्तिकरणको लागि सहज भएको छ।
- सुरक्षित आवास गृहबाट १४९ जना महिलाहरू पुर्नस्थापना भएका छन्। जसमध्ये १४३ जना पारिवारिक पुर्नमिलन र ६ जना समुदायमा पुर्नस्थापना भएका छन्।
- १७ जना अन्य आवास गृहमा सिफारीस भएका छन् ।
- १३ जना महिलाहरूले अन्य स्थानमा रोजगारी पाएर काम गरिरहेका छन्।
- साक्षरता कक्षामा १२१ जना महिलाहरू सहभागी भई लेखपढ गरेका छन्।
- कानुनी सेवा प्रदान गर्ने संस्थाहरू र नेपाल प्रहरीको सहयोगमा ९८ वटा हिंसाको घटनाहरूमा कानुनी उपचारको लागि समन्वय गरिएको छ।

## कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम

- यस वर्ष १६ जना कर्मचारीहरूले १.५ दिनका “Care for caregivers; stress management training” तालिममा सहभागी भएका छन् ।
- १५ जना कर्मचारीहरूले ४ दिनको “survivor centered approach training” तालिममा सहभागी भएका छन् ।
- १३ जना कर्मचारीहरूले ४ दिनको “Entrepreneurship and Financial literacy training” तालिममा सहभागी भएका छन् ।
- सुरक्षित आवास गृह संचालन निर्देशिकाको समिक्षा गरी प्रभावित केन्द्रीत धारणामा निर्देशिकाको संशोधन गरिएको छ ।

## आगामी वर्षको कार्ययोजनाहरु (२०७९/८०)

- सुरक्षित आवास गृहको दिगोपनाको लागि सरोकारवाला निकाय र स्थानिय तहसँग निरन्तर समन्वय तथा सहकार्य गर्ने ।
- आवास गृहबाट लैङ्गिक हिंसा प्रभावित र उनीहरूका आश्रीत बालबालिकाहरूलाई सहयोग गर्ने ।
- प्रभावित महिलाहरूलाई उद्यमशिलतामा जोड दिन उद्यमशिल तथा बित्तिय व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्ने ।
- आवास गृहको दिगोपनको लागि APEIRON Nepal Company, Baluwatar सँग सहकार्य गरी काजा नेपाल तथा अन्य सुरक्षित आवासगृहबाट उत्पादन भएका सामाग्रीहरु (अचार, पोते, सिलाई तथा बुनाई) लगायतका सामाग्रीहरूको उत्पादन तथा बिक्री गर्ने ।
- आवास गृहबाट पुर्नस्थापना भईसकेका महिलाहरूलाई फलोअप गरी उनीहरूको जिविकोपार्जनको लागि संचालन गरेका व्यवसायहरूको दिगोपनको लागि छलफल गर्ने ।



Figure 2: Recreational Picnic Program of Casa Nepal Residents

## २. परियोजनाको नाम (Project name)

**सानोनानी-बाल संरक्षण तथा विकास परियोजना**
Sanonani – Child Protection and Development Program

यस सानोनानी बाल संरक्षण तथा विकास परियोजनाद्वारा नेपाल सरकारको मापदण्ड बमोजिम सन् २०१७ बाट बालगृह संचालन गरेको छ । राष्ट्रिय बालअधिकार परिषद्, नेपाल सरकार वडा तथा सम्वन्धित गाँउपालिका तथा नगरपालिका, महिला तथा बालबालिका कार्यालय, महिला तथा बालबालिका सम्बन्धी काम गर्ने संघ संस्था र नेपाल प्रहरीहरूसँगको समन्वयमा जोखिममा परेका र अन्य वैकल्पिक स्याहारको व्यवस्था नभएका बालबालिकाहरू बालगृहमा भर्ना गरिएको छ ।

## परियोजना अवधि

हाल २ वर्ष (२०२० सेप्टेम्बरदेखि २०२२ अगस्ट सम्म )

## परियोजना स्थल

कागेश्वरी मनोहरा नगरपालिका  वडा नं. ६

## लाभान्वित संख्या

२४ जना संरक्षक विहिन भई जोखिममा परेका बालबालिका तथा तिनका परिवार तथा आफन्तहरू, ९ जना परिवार तथा समुदायमा पुन एकीकरण गरिएका बालबालिकाहरू । सानोनानी आवासीय बालगृहमा निम्न किसिमका बालबालिकाहरूलाई संरक्षण तथा विकास सेवा दिन्छ :

क) अनाथ बालबालिका,

ख) अस्पताल वा कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागि वेवारिसे भएका बालबालिका,

ग) बाबुआमालाई गम्भीर शारिरीक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

घ) कानूनी विवादमा परेका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

ङ) थुनामा रहेका वा वन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका ।

## परियोजनाको मूल उद्देश्य

- जोखिममा परेका र अन्य वैकल्पिक स्याहारको व्यवस्था नभएका बालबालिकाहरू बालगृहमा राखी बाल संरक्षण तथा विकास सम्बन्धी सेवा तथा अवसर प्रदान गर्ने ।
- सम्भव भएमा र सम्बन्धित बालबालिकाको सर्वोत्तम हित सुनिश्चित भएमा उनीहरूलाई परिवारमा पुन: स्थापित गर्ने ।
- परिवारमा पुन: स्थापित हुन नसके ठूलो उमेरका बालबालिकाहरूलाई उपयुक्त शीपमूलक तालीमका लागि सहजीकरण गरी तालीम लिन सहयोग गर्ने ।

## परियोजनाको क्रियाकलापहरू

बालगृहमा भएका बालबालिकाहरूलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरू जस्तै :

- सन्तुलित भोजन तथा आवास
- स्वास्थ्य सेवा
- शिक्षा
- विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलापहरू
- मनोसामाजिक मनोविमर्श सेवा

निरन्तर रुपमा सम्पूर्ण बालबालिकाहरूलाई दिंदै आएको छ । साथै बालबालिकाहरूलाई परिवार तथा नातेदारसंग सम्पर्क तथा भेटघाट गर्न आवश्यक सहयोग तथा प्रोत्साहन गरिएको छ । अन्य वैकल्पिक स्याहारका विकल्पहरूको लेखाजोखा गरी बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राखी पारिवारिक पुनः स्थापनाका लागि पहल गर्दै पुनः स्थापना गरिएको छ, उक्त पुनः स्थापना गरिएका बालबालिकाहरूलाई निरन्तर फलोअप गरिएको छ ।

## परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- नेपाल सरकारको मापदण्ड बमोजिम बालगृह संचालन गरिएको ।
- ७ जना बालबालिकाहरू लाई लेखाजोखाका आधारमा मनोसामाजिक मनोविमर्श तथा ३ जनालाई शैक्षिक सामाग्री सहयोग गरिएको ।
- २४ जना बालबालिकाहरूलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरू (शिक्षा, सुरक्षित आवास, सन्तुलित भोजन, स्वास्थ्य सेवा, मनोसामाजिक मनोविमर्श सेवा, विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलाप) दिईएको ।
- ४ बालबालिकाहरूको वैकल्पिक स्याहारका विकल्पहरूको लेखाजोखा गरिएको ।
- २ बालबालिकाहरूलाई पारिवारमा पुनः स्थापना गरी निरन्तर फलोअप गरिएको ।
- १ बालिकालाई सीपमूलक सिलाई तालिमको लागि सहजीकरण तथा व्यवस्थापन गरिएको ।

## आगामी वर्षको कार्ययोजनाहरू (२०७९/८०)

- सानोनानी - बाल संरक्षण तथा विकास परियोजना सम्झौता गरी समाज कल्याण परिषद्को अनुमति लिई बालगृह निरन्तर संचालन गर्ने ।
- राष्ट्रिय बालअधिकार परिषद्संग समन्वय गरी जोखिममा रहेका बालबालिका छनोट गरि बालगृहमा भर्ना गर्ने ।
- बालगृहमा भएका बालबालिकाहरूलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरू दिने ।
- अन्य वैकल्पिक स्याहारका विकल्पहरूको निरन्तर लेखाजोखा गर्ने ।
- पारिवारिक पुनः स्थापनाका लागि लेखाजोखा गर्ने ।
- पारिवारीक लेखाजोखाका आधारमा बालबालिकाहरूलाई पारिवारिक पुनः स्थापना गर्ने ।
- अन्य वैकल्पिक स्याहारको विकल्प नरहेका र १४ वर्ष नाघेका बालबालिकाहरूका लागि उपयुक्त सीपमूलक तालिमको लागि सहजीकरण तथा व्यवस्थापन  गर्ने ।

## ३. परियोजनाको नाम (Project name)

**एक स्थान शिक्षा**
One Spot Education Project, Phase-I

यस एक स्थान शिक्षा परियोजनाले आपेरोनद्वारा सञ्चालित सुरक्षित आवासगृहमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई सुरक्षित आवासगृह छोडे पश्चात् निरन्तर शिक्षा तथा स्वास्थ्य प्राप्त गर्न सहयोग पुऱ्याउने साथै लैङ्गिक हिंसा प्रभावित महिलाहरूको पुर्नमिलनमा सहज होस् भन्ने उद्धेश्यका साथ २०१९ बाट निरन्तर संचालन गर्दै आईरहेको छ ।

### परियोजना अवधि

जनवरी, २०१९ देखि डिसेम्बर २०२१ सम्म

### परियोजना स्थल

काठमाण्डौ

### लाभान्वित संख्या

५० जना बालबालिका तथा ३५ जना आवास गृहमा कार्यरत कर्मचारीहरू

### परियोजनाको मूल उद्धेश्य

यस परियोजनाका उद्धेश्यहरू निम्न प्रकारका छन्,

- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई काजा नेपाल छोडे पश्चात् निरन्तर शिक्षा प्राप्त गर्न सहयोग पुऱ्याउने ।
- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई साधारण स्वास्थ्य जाँचमा सहयोग पुऱ्याउने ।
- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई स्वास्थ्य र पोषणयुक्त खाना खुवाउनमा सहयोग पुऱ्याउने ।
- आवास गृहमा कार्यरत समाजसेवीहरूको काममा प्रभावकारीता बढाउन सहयोग पुऱ्याउने ।

### परियोजनाको क्रियाकलापहरू

- ५० जना बालबालिकाहरूलाई शिक्षामा पहुँच दिने ।
- आवश्यकता अनुसार बालबालिका तथा परिवारलाई स्वास्थ्य सहयोग गर्ने ।
- परियोजनाको अनुगमन गर्ने ।

### परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- ५० जना बालबालिकाहरूले निरन्तर शिक्षामा पहूँच प्राप्त गरिरहेको । त्यस मध्येबाट २० जना (११ बालक तथा ९ बालिका) बालबालिकाहरूले विद्यालय शुल्क प्राप्त गरेको ।
- २५ जना (६ बालक तथा १९ बालिका) बालबालिकाहरूले शैक्षिक सामाग्री प्राप्त गरि दैनिक विद्यालय जान सहज भएको ।
- २८ जना (१५ बालक तथा १३ बालिका) बालबालिकाहरूले विद्यालय पोसक सहयोग प्राप्त गरि दैनिक विद्यालय जान सहज भएको ।
- ५ जना (२ बालक तथा ३ बालिका) बालबालिकाहरूले स्वास्थ्य सहयोग प्राप्त गरि दैनिक क्रियाकलापहरू गर्न सहज भएको ।

## आगामी वर्षको कार्ययोजनाहरु (२०७९/८०)

परियोजना निरन्तरताको लागि सहयोग दातासँग समन्वय गर्ने ।



Figure 3: Participating in Taekwondo in Shambhavi School

## ४. परियोजनाको नाम (Project name)

**एक स्थान शिक्षा दोस्रो चरण**
One Spot Education Project, Phase II

यस एक स्थान शिक्षा परियोजनाले आपेरोनद्वारा सञ्चालित सुरक्षित आवासगृहमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई सुरक्षित आवासगृह छोडे पश्चात् निरन्तर शिक्षा तथा स्वास्थ्य प्राप्त गर्न सहयोग पुऱ्याउने साथै लैङ्गिक हिंसा प्रभावित महिलाहरूको पुर्नमिलनमा सहज होस् भन्ने उद्देश्यका साथ २०१९ बाट निरन्तर  संचालन गर्दै आईरहेको छ।

## परियोजना अवधि

फेब्रवरी, २०२२ देखि डिसेम्बर २०२४ सम्म

## परियोजना स्थल

काठमाण्डौ

## लाभान्वित संख्या

५0 जना बालबालिका तथा १0 जना महिला (लैङ्गिक हिंसा प्रभावित )

## परियोजनाको मूल उद्देश्य

यस परियोजनाका उद्देश्यहरू निम्न प्रकारका छन्,

- सुरक्षित आवासगृहमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई सुरक्षित आवासगृह छोडे पश्चात् निरन्तर शिक्षा प्राप्त गर्न सहयोग पुऱ्याउने।
- सुरक्षित आवासगृहमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरू तथा परिवारलाई साधारण स्वास्थ्य जाँचमा सहयोग पुऱ्याउने।
- महिलाहरूलाई आत्मनिर्भर हुनका लागि आय आर्जन गर्ने सीपहरू विकास गर्ने।

## परियोजनाको क्रियाकलापहरू

- २९ जना अति आवश्यक लैङ्गिक हिंसा प्रभावित महिलाहरूको बालबालिकाहरूलाई सुरक्षित आवासगृह छोडे पश्चात् निरन्तर शिक्षा प्राप्त गर्न छनौट गर्ने।
- ५0 जना बालबालिकाहरूलाई शिक्षामा पहुँच दिने।
- आवश्यकता अनुसार बालबालिका तथा परिवारलाई स्वास्थ्य सहयोग गर्ने।
- ५ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरूलाई सीप विकास तालिम प्रदान गर्ने।
- लचिलो कोषद्वारा अति आवश्यक ५ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरूलाइ सहयोग गर्ने।
- परियोजनाको अनुगमन गर्ने।

## परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- २१ जना (१३ बालक तथा ८ बालिका) बालबालिकाहरूलाई शैक्षिक सहयोग प्रदान गरी निरन्तर शिक्षामा पहुँच प्राप्त गरिएको।
- २ जना बालबालिकाहरूले स्वास्थ्य सहयोग प्राप्त गरि दैनिक क्रियाकलापहरू गर्न सहज भएको।

## आगामी वर्षको कार्ययोजनाहरू (२०७९/८०)

- ५० जना बालबालिकाहरूलाई शिक्षामा पहुँच दिने ।
- आवश्यकता अनुसार बालबालिका तथा परिवारलाई स्वास्थ्य सहयोग गर्ने ।
- ५ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरूलाई सीप विकास तालिम प्रदान गर्ने ।
- लचिलो कोषद्वारा अति आवश्यक ५ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरूलाइ सहयोग गर्ने ।
- परियोजनाको अनुगमन गर्ने ।



Figure 4: Education support to attend school regularly

## ५. परियोजनाको नाम (Project name)

**नयाँ शिक्षा**
New Shikshya Project

यस नयाँ शिक्षा परियोजनाले जोखिममा परेका बाल बालिकाहरूका निम्ति आधारभुत स्थानिय शिक्षामा सुधार गरी समान शैक्षिक अवसरहरू उपलब्ध गर्ने साथै स्वास्थ्य, खेलकुद र परिवारमा अभिभावकीय भुमिका र दायित्वहरूबारे चेतना सिर्जना गर्ने उद्देश्यका साथ २०१७ बाट निरन्तर संचालन गर्दै आईरहेको छ ।

## परियोजना अवधि

१ अगस्ट, २०२० देखि ३१ जुलाई, २०२२ सम्म

## परियोजना स्थल

शंखरापुर नगरपालिका वडा नं. ०२, पटाप र काठमाण्डौ महानगरपालिका वडा नं. ०४

## लाभान्वित संख्या

१५२ जना बालबालिकाहरू तथा परिवारहरू

## परियोजनाको मूल उद्देश्य

यस परियोजनाको मुख्य लक्ष्य जोखिममा परेका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षामा पहुँच प्रदान गरि लैङ्गिक हिंसालाई कम गर्ने रहेको छ ।

यस परियोजनाका उद्देश्यहरू निम्न प्रकारका छन्,

- जोखिममा परेका बाल बालिकाहरूका निम्ति आधारभुत स्थानिय शिक्षामा सुधार गरी समान शैक्षिक अवसरहरू उपलब्ध गर्ने ।
- आफ्ना बाल बालिकाहरूको गुणस्तरिय शिक्षाका निम्ति लैङ्गिक हिंसा विरुद्ध लड्दै परिवारमा अभिभावकीय भुमिका र दायित्वहरूबारे चेतना सिर्जना गर्ने ।
- जोखिममा परेका बाल बालिकाहरूका निम्ति शैक्षिक औजारहरू प्रयोग गरी उनीहरूको खेल्ने अधिकारको पुनस्थापना गर्ने र खेलको विषयमा रहेको लैङ्गिक मान्यतालाई तोडि गुणस्तरिय शिक्षामा सुधार ल्याउने ।

## परियोजनाको क्रियाकलापहरू

- बालबालिकालाई शिक्षामा पहुँच तथा स्वास्थ्य सहयोग ।
- अभिभावकलाई बालबलिका स्याहार, जिम्मेवार, लैङ्गिक हिंसा सम्बन्धि तालिम दिने।
- फुटबल तालिम दिने ।
- परियोजनाको व्यवस्थापना, अनुगमन तथा मल्याङ्कन गर्ने ।

## परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- अति आवश्यक तथा जोखिममा परेका ४८ जना (१५ जना बालक र ३३ जना बालिका) बालबालिकाहरूले शैक्षिक सहयोग प्राप्त गरि औपचारिक शिक्षालाई निरन्तरता दिइरहेको ।
- ४ जना बालबालिकाहरू (१ बालक र ३ बालिका) ले स्वास्थ्य उपचार सहयोग प्राप्त गरि उनीहरूको

स्वास्थ्य सुधार भएको ।

- ३0 जना बालबालिकाहरूले प्राथमिक उपचार किट प्राप्त गरि आपतकालिन अवस्थामा स्वास्थ्य सुधार मा समर्थन भएको ।
- ४१ जना अभिभावकहरूले अभिभावकत्व कार्यक्रममा भाग लिई आफ्ना बाल बालिकाहरूको गुणस्तरिय शिक्षाका निम्ति लैङ्गिक हिंसा विरुद्ध लड्दै परिवारमा अभिभावकीय भुमिका र दायित्वहरूबारे ज्ञान वृद्धि गरेका ।
- दुईवटा विद्यालयका १00 जना बालबालिकाहरूले नियमिक फुटबल तालिममा भाग लिई साथै प्राथमिक खेल्ने क्रममा प्राथमिक उपचार प्राप्त गरि बाल बालिकाहरूका निम्ति शैक्षिक औजारहरू प्रयोग गरी उनीहरूको खेल्ने अधिकारको पुनस्थापना र खेलको विषयमा रहेको लैङ्गिक मान्यतालाई तोडि गुणस्तरिय शिक्षामा सुधार ल्याइएको ।

## आगामी वर्षको कार्ययोजनाहरू (२०७९/८0)

- बालबालिकालाई शिक्षामा पहुँच तथा स्वास्थ्य सहयोग ।
- परियोजनाको अनुगमन तथा मल्याङ्कन गर्ने ।




Figure 5: Support to children

## ६. परियोजनाको नाम (Project name)

**नेपालको ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने**
Promoting Quality education in Rural areas of Nepal

यस नेपालको ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने परियोजनाले धादिङ्ग र भोजपुरमा अवस्थित दुई वटा बिद्यालयमा जनचेतना, पर्याप्त र दक्ष शिक्षक उपलब्ध गराई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित तथा प्रवर्द्धन गर्ने साथै जोखिममा परेका बाल-बालिकाहरूका निम्ति आधारभुत स्थानिय शिक्षा र सीपहरूमा सुधार गरी समान शैक्षिक अवसरहरू प्रदान गर्ने, अभिभावकीय भुमिका र दायित्वहरूबारे चेतना सिर्जना गर्न, अतिरिक्त क्रियाकलाप मार्फत बाल सहभागितालाई प्रोत्साहन गर्दै धादिङ्ग र भोजपुर जिल्लामा रहेको बाल क्लबलाई सुदृढ गर्ने उद्देश्यका साथ २०१९ बाट निरन्तर संचालन गर्दै आईरहेको छ ।

## परियोजना अवधि

जनवरी, २०२२ देखि नोभेम्बर २०२४ सम्म

## परियोजना स्थल

काठमाण्डौ, धादिङ्ग र भोजपुर

## लाभान्वित संख्या

१९१ जना श्री काम्राङ्ग आधारभूत विद्यालय, धादिङ्ग र श्री चण्डी आधारभूत विद्यालय, भोजपुरमा अध्ययनरत बालबालिकाहरू तथा तिनका ६० जना अभिभावकहरू, ३० जना धादिङ्ग र भोजपुरका शिक्षक शिक्षिकाहरू, ८ जना अति आवश्यक निम्न वर्गका बालबालिकाहरू तथा ८१ जना अति आवश्यक निम्न बालबालिका तथा परिवारहरू

## परियोजनाको मूल उद्देश्य

यस परियोजनाले गुणस्तरीय शिक्षा र जोखिममा परेका बालबालिकाहरूको पहुँचलाई प्रवर्द्धन गरेर विद्यालयभित्र र विद्यालयमा हुने लैङ्गिकतामा आधारित हिंसालाई कम गर्ने लक्ष्य राखेको छ ।

यस परियोजनाका उद्देश्यहरू निम्न प्रकारका छन्,

- धादिङ्ग र भोजपुरमा अवस्थित दुई वटा बिद्यालयमा जनचेतना, पर्याप्त र दक्ष शिक्षक उपलब्ध गराई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित तथा प्रवर्द्धन गर्ने
- जोखिममा परेका बाल-बालिकाहरूका निम्ति आधारभुत स्थानिय शिक्षा र सीपहरूमा सुधार गरी समान शैक्षिक अवसरहरू प्रदान गर्ने ।
- आफ्ना बाल बालिकाहरूको गुणस्तरिय शिक्षाका निम्ति लैङ्गिक हिंसा विरूद्ध लड्दै परिवारमा अभिभावकीय भुमिका र दायित्वहरूबारे चेतना सिर्जना गर्ने ।
- अतिरिक्त क्रियाकलाप मार्फत बाल सहभागितालाई प्रोत्साहन गर्दै धादिङ्ग र भोजपुर जिल्लामा रहेको बाल क्लबलाई सुदृढ गर्ने ।

## परियोजनाको क्रियाकलापहरु

- २ जना अंग्रेजी शिक्षक र प्रारम्भिक बाल विकास कक्षाको लागी २ जना सहजकर्ता उपलव्ध गराउँने ।
- ३० जना शिक्षकहरूलाई लैङ्गिकता सम्बन्धि तालिम प्रदान गर्ने ।

- ५० जना किशोर किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि जानकारी प्रदान गर्ने ।
- मासिक अतिरिक्त क्रियाकलाप मार्फत बाल सहभागितालाई प्रोत्साहन गर्दै बाल क्लबलाई सुदृढ गर्ने ।
- लचिलो कोषद्धारा अति आवश्यक बाल बालिका तथा परिवारलाई सहयोग गर्ने ।
- ६० जना बालबालिकाका अभिभावकलाई बालबलिका स्याहार, जिम्मेवार, लैङ्गिक हिंसा सम्बन्धि तालिम दिने ।
- ५जना बालबालिकालाई शिक्षामा पहुच दिने ।
- ४ जना बालबालिकाका लागि सीप प्रदान गर्ने ।
- परियोजनाको अनुगमन गर्ने ।

## परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- २ जना अग्रेजी शिक्षक र प्रारम्भिक बाल विकास कक्षाको लागी २ जना सहजकर्ता उपलव्ध गराई १९१ जना श्री काम्राङ्ग आधारभूत विद्यालय, धादिङ्ग र श्री चण्डी आधारभूत विद्यालय, भोजपुरमा अध्ययनरत बालबालिकाहरू नियमित कक्षाबाट लाभान्वित भएका छन् ।
- धादिङ्ग र भोजपुरका द्धुवै विद्यालयमा १५/१५ जना बालबालिकाहरुको सदस्य रहेको बाल क्लबलाई परिमार्जन गरी नियमित मासिक बैठक र मासिक अतिरिक्त क्रियाकलापहरुद्धारा बाल सहभागितालाई प्रोत्साहन गर्दै बाल क्लबलाई सुदृढ गरिएको ।
- ४ जना अति आवश्यक र निम्न वर्गका बालबालिकाहरूले शैक्षिक सहयोग प्राप्त गरी औपचारिक शिक्षालाई निरन्तरता दिएको तथा १ जना बालिकाले सीपमा आधारित तालिम सहयोग प्राप्त गरि प्रारम्भिक बाल विकासमा ज्ञान वृद्धि गर्न सफल भएको ।
- २ जना लाभग्राहीहरुले लचिलो सहायता कोष मार्फत स्वास्थ्य उपचार सहयोग प्राप्त गरि स्वास्थ्यमा सुधार भएको ।
- ५३ जना किशोर किशोरीहरूले ३ दिने यौन तथा प्रजनन् स्वास्थ्य अधिकार तालिम प्राप्त गरि यौन तथा प्रजनन् स्वास्थ्य अधिकारहरुको बारेमा ज्ञान प्राप्त गरे जुन स्वास्थ्य हेरचाहको एक महत्वपूर्ण भाग मात्र नभई लैङ्गिक समानता प्राप्त गर्न र महिला अधिकारको प्रवर्द्धनका लागि पनि आबश्यक तत्व हो ।

## आगामी वर्षको कार्ययोजनाहरु (२०७९/८०)

- २ जना अग्रेजी शिक्षक र प्रारम्भिक बाल विकास कक्षाको लागी २ जना सहजकर्ता नियमित उपलव्ध गराउँने ।
- ३० जना शिक्षकहरूलाई लैङ्गिकता सम्बन्धि तालिम प्रदान गर्ने ।
- ५० जना किशोर किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि जानकारी प्रदान गर्ने ।
- मासिक अतिरिक्त क्रियाकलाप मार्फत बाल सहभागितालाई प्रोत्साहन गर्दै बाल क्लबलाई सुदृढ गर्ने ।
- लचिलो कोषद्धारा अति आवश्यक बाल बालिका तथा परिवारलाई सहयोग गर्ने ।
- ५जना बालबालिकालाई शिक्षामा पहुच दिने ।
- ३ जना बालबालिकाका लागि सीप प्रदान गर्ने र नियमित फलोअप गर्ने ।
- परियोजनाको अनुगमन गर्ने ।

## ७. परियोजनाको नाम (Project name)

**कृषि मुल्य श्रृङ्खला पद्धति विकास परियोजना, जुम्ला**
Agriculture Value Chain Development (AVCD) Project

कृषि मुल्य श्रृङ्खला पद्धति विकास परियोजना, जुम्ला जिल्लाको पातारासी गाँउपालिका वडा नं.४ र ७ मा महिलाहरूको जीविकोपार्जन सुधार र आर्थिक सशक्तिकरणमा सुधार गर्ने र सबै प्रकारका लैङ्गिक हिंसा र भेदभावलाई रोक्ने लक्ष्य सहित संचालन भएको परियोजना हो। जुम्ला जिल्लाको तिला गाँउपालिकामा पहिलो चरणको (AVCD) परियोजनाको सफल कार्यानवयनपछि ५00 महिला कृषकलाई अत्यावश्यक लगायत विभिन्न प्राविधिक ज्ञानसहित सहयोग गर्ने उद्देश्यले पातारासी गाँउपालिकामा जनवरी २0२२ देखि सेप्टेम्बर २४ सम्मको लागि दोश्रो चरण कार्यान्वयनमा आएको छ।

### परियोजना अवधि

३ वर्ष (जनवरी २0२२ देखि सेप्टेम्बर २0२४)

### परियोजना स्थल

पातारासी गाउँपालिका - ४ र ७, जुम्ला

### लाभान्वित संख्या

५00 महिला कृषक

### परियोजनाको मूल उद्देश्य

जुम्ला जिल्लामा महिलाहरूमा हुने हरेक किसिमको हिंसा र भेदभावबाट जोगाउन र जीविकोपार्जनको सुरक्षा तथा आर्थिक सशक्तिकरणमा सुधार गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ।

परियोजनाका अन्य उद्देश्यहरू

- कृषिमा नयाँ प्रविधि र कृषिजन्य सामाग्रीको पहुँचद्वारा छनोट गरिएका वस्तुहरू; सिमी, तरकारी र बाख्रापालनको उत्पादन र उत्पादकता वृद्धि गर्ने
- कृषि उपज बिक्रीबाट महिला घरपरिवारको आम्दानीमा बृद्धि,
- लैङ्गिक हिंसा र यसको सन्दर्भ संयन्त्रमा ज्ञान र जागरूकतामा बृद्धि

### परियोजनाको क्रियाकलापहरू

- आधारभूत सर्वेक्षण
- कृषकहरूलाई तरकारी खेति सम्बन्धी क्षमता अभिवृद्धि प्राविधिक तालिम र सामाग्री सहयोग
- कृषकहरूलाई सिमी खेति सम्बन्धी क्षमता अभिवृद्धि प्राविधिक तालिम र सामाग्री सहयोग
- कृषकहरूलाई बाख्रा पालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम र सामाग्री सहयोग
- लैङ्गिक जागरूकता र विकास
- बजार मूल्य श्रृंखला विकास
- अनुगमन र मूल्याङ्कन

### परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २0७८/0७९)

- २00 जना महिला किसान छनोट गरी विभिन्न समूह बनाईयो।
- ३५ जना तरकारी खेती किसानहरूलाई विभिन्न तालिम साथसाथै सामाग्री सहयोग गरियो र सोही

अनुरूप खेति गरिरहेका छन् ।

- १०० जना सिमी खेती गर्ने कृषकहरू धेरै तालिम र सामाग्री सहयोग गरियो र सोही अनुरूप खेति गरेका छन् ।
- ५० जना बाख्रा पालन कृषकहरूले धेरै तालिम र सामाग्री सहयोगबाट लाभान्वित भएका छन् ।

## आगामी वर्षको कार्ययोजनाहरू (२०७९/८०)

- आधारभूत सर्वेक्षण
- कृषकहरूलाई तरकारी खेति सम्बन्धी क्षमता अभिवृद्धि प्राविधिक तालिम र सामाग्री सहयोग
- कृषकहरूलाई सिमी खेति सम्बन्धी क्षमता अभिवृद्धि प्राविधिक तालिम र सामाग्री सहयोग
- कृषकहरूलाई बाख्रा पालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम र सामाग्री सहयोग
- लैङ्गिक जागरूकता र विकास
- बजार मूल्य श्रृंखला विकास
- अनुगमन र मुल्याङ्कन




Figure 6: Training on Nursery Management at Jumla

## ८. परियोजनाको नाम (Project name)

**शिक्षा सबैका लागि दोश्रो चरणको परियोजना**
Education for all Project, Phase-II

शिक्षा सबैका लागि दोश्रो चरणको परियोजना पहिलो चरणको परियोजना सकिएपछि सो परियोजनाको सिकाईलाई प्रयोग गर्दै आवास गृहहरूमा र सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गरी बालबालिकाहरूको सिकाईको स्तरमा वृद्धि गर्ने उद्देश्यले संचालित परियोजना हो । यस परियोजनाले प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्थापनमा सहयोग गरेको छ ।

## परियोजना अवधि

४ महिना (जुन २०२२ देखि सेप्टेम्बर २०२२ सम्म)

## परियोजना स्थल

कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौं र कमलामाई नगरपालिका, सिन्धुली, र श्री भैरवी आधारभुत विद्यालय गुण्डु, भक्तपुर

## लाभान्वित संख्या

२ वटा सुरक्षित आवास गृहमा बस्ने २४ जना लैङ्गिक हिंसा प्रभावित महिलाहरूमा आश्रीत बालबालिकाहरू र ३० जना श्री भैरवी आधारभुत विद्यालयका प्रारम्भिक बाल विकास केन्द्रमा पढ्ने बालबालिकाहरू

## परियोजनाको मूल उद्देश्य

- लैङ्गिक हिंसा प्रभावित महिलाहरूमा आश्रीत बालबालिकाहरूलाई आवास गृहमा प्रारम्भिक बाल विकास केन्द्र संचालन गरी सोही अनुसार आवास गृहबाट बालबालिकाहरूलाई सिकाई प्रक्रियालाई प्रभावकारी बनाउने ।
- श्री भैरवी आधारभुत विद्यालयमा व्यवस्थित रुपमा प्रारम्भिक बाल विकास केन्द्र संचालन गरी विद्यालयमा बालबालिकाहरूको सिकाई प्रक्रिया प्रभावकारी बनाउने ।

## परियोजनाको क्रियाकलापहरू

- २ वटा आवास गृहमा बालबालिकाहरूको लागि ECD कक्षा संचालन ।
- १ वटा सामुदायिक विद्यालयमा २ वटा ECD कक्षा संचालनको लागि व्यवस्थापन ।

## परियोजनाका उपलब्धिहरू (आर्थिक वर्ष २०७८/०७९)

- सिन्धुली जिल्लामा रहेको १ वटा आवास गृह नयाँ प्रारम्भिक बाल विकास केन्द्रको स्थापना र कागेश्वरी नगरपालिका वडा नं. ६ मुलपानीमा रहेको काजा नेपाल आवास गृहमा संचालनमा रहदै आएको प्रारम्भिक बाल विकास केन्द्रमा आवश्यक खेल सामाग्रीहरू राखि प्रभावकारी संचालन भईरहेको ।
- २४ जना बालबालिका २ वटा आवास गृहमा प्रारम्भिक बाल विकास केन्दबाट सिकाईलाई निरन्तरता दिदैं आएको ।
- १ वटा सामुदायिक विद्यालयमा बालबालिकाहरूको लागि २ वटा प्रारम्भिक बाल विकास केन्द्रको संचालन गरी ३२ जना बालबालिकाहरू लाभान्वीत भएका छन् ।
- १ वटा सामुदायिक विद्यालयमा २ वटा ECD कक्षा संचालनको लागि व्यवस्थापन ।

## ९. परियोजनाको नाम (Project name)

**लैङ्गिक हिंसा प्रभावितको हेरचाह गर्नेहरुलाई स्वास्थ्य निर्देशिका र सरकारी IEC सामाग्रीको पाईलट कार्यान्वयनको बारेमा प्रशिक्षण कार्यक्रम**
Training on "Pilot Implementation of Health Manual and Government IEC Materials to care givers of shelter of GBV"

बाल गृह तथा आवास गृहमा लैङ्गिक हिंसा प्रभावितको हेरचाह गर्ने कर्मचारिहरुलाई स्वास्थ्य सम्बन्धि जानकारी दिने उद्धेश्यले स्वास्थ्य निर्देशिका तयार पारी सो निर्देशिका अनुसार सरकारी सुचना, शिक्षा र संचार सामाग्रीको (IEC) सामाग्रीको प्रभावकारी कार्यान्वयनको प्रशिक्षण दिने उद्धेश्यले यो कार्यक्रम सुरु गरिएको हो । संस्थाले बनाएको स्वास्थ्य निर्देशिकालाई बाल गृह तथा आवास गृहमा लैङ्गिक हिंसा प्रभावितको सहज उपयोग र सामान्य रोगहरुको बारेमा जानकारी दिनको लागि कर्मचारिहरुलाई प्रशिक्षण गरी स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्न यस कार्यक्रमले सहयोग गर्दछ ।

## परियोजना अवधि

६ महिना (जुन देखि नोभेम्बर २०२२ सम्म )

## परियोजना स्थल

कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौं

## लाभान्वित संख्या

- सुरक्षित आवास गृहमा कार्यरत १२ जना कर्मचारीहरुलाई स्वास्थ्य म्यानुअल प्रयोग सम्बन्धि ६ दिने तालिम दिने ।
- स्वास्थ्य तलिम पश्चात् स्वास्थ्य म्यानुअलको आधारमा १०० जना प्रभावितहरुलाई स्वास्थ्य सम्बन्धि सचेतीकरण कार्यक्रम गर्ने ।

## परियोजनाको मूल उद्धेश्य

- लैङ्गिक हिंसा प्रभावितको हेरचाह गर्नेहरुलाई स्वास्थ्य म्यानुअल र सरकारी IEC सामाग्रीको पाईलट कार्यान्वयनको बारेमा प्रशिक्षण गरी कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- स्वास्थ्य म्यानुअलको आधारमा रहि प्रभावितहरुलाई स्वास्थ्य सम्बन्धि सचेतीकरण कार्यक्रम गर्ने ।

## परियोजनाको क्रियाकलापहरु

- आवास गृहमा कार्यरत कर्मचारीहरुको लागि स्वास्थ्य सम्बन्धि म्यानुअल तयार पारेको ।
- आवास गृहमा कार्यरत कर्मचारीहरुले स्वास्थ्य म्यानुअलको प्रयोग गरी प्रभावितहरुको स्वास्थ्य सम्बन्धि समस्याको सम्बोधन गर्न सहजीकरण गर्ने ।
- नसिङ्ग तथा सामाजिक सुरक्षा महाशाखासँग स्वास्थ्य म्यानुअलको बारेमा अन्तर्क्रिया गर्ने ।
- कर्मचारीहरुलाई स्वास्थ्य म्यानुअल प्रयोग सम्बन्धि ६ दिने तालिम संचालन गर्ने ।
- प्रभावितहरुलाई स्वास्थ्य समस्याहरुको विभिन्न विषयहरुमा निरन्तर सचेतीकरण गर्ने ।

## परियोजनाका उपलब्धिहरु (आर्थिक वर्ष २०७८/०७९)

- स्वास्थ्य म्यानुअलको कार्यान्वयन प्रक्रियामा भईरहेको ।
- नसिङ्ग तथा सामाजिक सुरक्षा महाशाखासँग स्वास्थ्य म्यानुअलको बारेमा अन्तर्क्रिया ।
- आवास गृह र बाल गृहका कर्मचारीहरुलाई स्वास्थ्य म्यानुअल प्रयोग सम्बन्धि तालिम संचालन ।

# सफलताका कथाहरू

## जुम्लाबाट एक लाभान्वितको आवाज

**रामरूपा बोहरा**



जुम्लामा सञ्चालित 'कृषिमुल्य श्रृङ्खलापद्धति विकास परियोजनाका लाभान्वित मध्येकी एक रामरूपा बोहरा यस आयोजनामा सहभागी हुन पाउँदा खुसी र आभारी छिन् र उनले यस परियोजना मार्फत् सिमी उत्पादनको प्राविधिक तालिम प्राप्त गरिसकेका छन् ।

उनी भन्छिन्, "हामीले प्राविधिक रूपमा रोपिएको सिमी र परम्परागत रूपमा रोपिएको सिमी बिरूवाहरू बीच धेरै भिन्नताहरू देख्यौं । प्राविधिक रूपमा रोपिएका सिमी बिरूवाहरूले परम्परागत रूपमा रोपिएकाहरू भन्दा राम्रो गर्दैछन् । उचित क्षेत्र व्यवस्थापन प्रविधिका कारण अहिले झारपात, सिँचाइ जस्ता कार्यहरू सञ्चालन गर्न सजिलो भएको छ, यति मात्र होइन, स्थानीय रूपमा उपलब्ध झारपात प्रयोग गरेर जैविक विषादी तयार गर्ने प्रविधि पनि सिकेको छु जुन पहिले मेरो लागि अनावश्यक झारपात थियो । तसर्थ, यी सबैको साथमा, म आशा गर्दछु कि परम्परागत र प्राविधिक रूपमा खेती गरिएका सिमीहरू बीच सिमीको उत्पादकतामा पनि उल्लेखनीय भिन्नता हुनेछ । आगामी दिनहरूमा प्राविधिक रूपमा थप सिमी उत्पादन गर्न उत्साहित छु ।

" आगामी दिनहरूमा प्राविधिक रूपमा थप सिमी उत्पादन गर्न उत्साहित छु । "

साथै, म यो अवसरको लागि यस परियोजनालाई धन्यवाद दिन चाहन्छु । आशा गरौं कि आगामी दिनहरूमा हामीले सिमीको व्यावसायिक उत्पादन गर्न र तिनीहरूबाट जीवन निर्वाह गर्न सक्षम हुनेछौं। म यो सन्देश दिन चाहन्छु कि हाम्रो पितृसत्तात्मक समाजमा महिलाहरूले समान रूपमा काम गर्न सक्छन्, अझ बढि नै गर्न सक्छन्

## सफलताको पाइलाहरू प्राप्त गर्दै

**स्वेता सुनार**




चितवन जिल्लाकी स्थायी बासिन्दा २० वर्षीय स्वेता सुनार हाल काठमाण्डौ जिल्लाको मूलपानीमा एकल आमा र दिदीसँग बस्दै आएकी छिन् । उनले यस वर्षको एसइई (माध्यमिक शिक्षा परीक्षा) मा २.८० जीपीए ल्याएर उत्तीर्ण गरेकी छिन् । उनको शारीरिक बनावट होचो कदको भएता पनि मानसिक र शारीरिक रूपमा उनी तन्दुरुस्त छिन् ।

स्वेताले ४ वर्षको उमेरदेखि नै आपेरोनद्धारा सञ्चालित विभिन्न शैक्षिक परियोजनाहरूबाट शैक्षिक सहयोगहरू प्राप्त गर्दै आइरहेकी थिइन् । उनलाई बौद्धको गङ्चेन साम्लिङ्ग नामक विद्यालयमा नर्सरी ग्रेडमा भर्ना गरियो र पछि गएर कक्षा ३ देखि अर्को हाईल्याण्ड बोर्डिङ्ग स्कूलमा भर्ना गरियो । शिक्षकले दिएको जानकारी अनुसार, उनी विद्यालयमा नियमित, पढाइमा इमान्दार र उनमा सिक्ने मनोवृत्ति थियो । बाल्यकाल देखिनै उनको शिक्षक बन्ने र साना बालबालिकाहरूलाई पढाउने सपना थियो । त्यसैले उनको यो चाहानालाई सम्बोधन गर्दै स्वेतालाई प्रारम्भिक बाल शिक्षा तालिम सहयोग प्रदान गरिएको थियो । प्रारम्भिक बाल शिक्षा केन्द्र ECEC मा नयाँ शिक्षा परियोजना अन्तर्गत उनले प्रारम्भिक बाल शिक्षाको ज्ञान बढाउन सकिन् । यो पाठ्यक्रम एक महिनाको लागि ईसीडी (लेभल १, लेभल २, लेभल ३ र लेभल ४ को परिचयको रुपमा विभिन्न स्तरहरू सहितको थियो । उनले सफलतापूर्वक सबै तहहरू पूरा गरिन् र प्रारम्भिक बाल विकास केन्द्र, ललितपुरबाट प्रमाणपत्र प्राप्त गरिन् । तालिम पुरा गरे पश्चात् आगामी पढाईका लागि सहयोग होस् भन्ने उद्धेश्यका साथ उनले आफ्नो CV कामका लागि विभिन्न विद्यालयहरूमा पेश गरिन् र उनले दसै पछि आफुले पढेको विद्यालयमा नै पढाउँने निर्णय गरेकी छिन् । उनी आफ्नो बाल्यकालको अधिकांश दिन बिताएको विद्यालयलाई सहयोग गर्न पाउँदा धेरै खुसी छिन् । तसर्थ स्वेता सुनारले आफ्नो माध्यमिक तहको शिक्षा पुरासँगै ECD तालिम पुरा गरिन् र APEIRON द्धारा प्रदान गरिएको निरन्तर सहयोगको लागि धेरै आभारी छिन् ।

ECD तालिम पुरागरे पश्चात् उनका केही भनाई :
यो तालिमले मलाई हरेक बालबालिकाहरू एकनाशको हुदैनन् । हामीले बालबालिकाहरूको भावना बुझ्नुपर्छ । मैले ECEC मा सिकेका सबै कराहरू मार्फत् कक्षामा सिकाउने आत्मविश्वास बढाएको छु । मैले कठपुतलीहरू प्रयोग गरेर कथाहरू सुनाउन र खेल विधि मार्फत गणित सिकाउन सिके ।

साथै, म यो अवसरको लागि यस परियोजनालाई धन्यवाद दिन चाहन्छु । आशा गरौं कि आगामी दिनहरूमा हामीले सिमीको व्यावसायिक उत्पादन गर्न र तिनीहरूबाट जीवन निर्वाह गर्न सक्षम हुनेछौं । म यो सन्देश दिन चाहन्छु कि हाम्रो पितृसत्तात्मक समाजमा महिलाहरूले समान रूपमा काम गर्न सक्छन्, अझ बढि नै गर्न सक्छन्

“मैले ECEC मा सिकेका सबै कराहरू मार्फत् कक्षामा सिकाउने आत्मविश्वास बढाएको छु । मैले कठपुतलीहरू प्रयोग गरेर कथाहरू सुनाउन र खेल विधि मार्फत गणित सिकाउन सिके ।”

## काजा नेपाल सुरक्षित आवास गृहको सेवाग्राहीको भनाई

**लक्ष्मि भट्ट**

शारीरिक तथा मानसिक हिंसाको अवस्थाबाट गुजिएकी म सुरक्षित आवास गृहमा बसेर मैले मानसीक स्वास्थ्यको बारेमा राम्रोसँग परामर्श लिए । मैले डाक्टरको सल्लाह अनुसार आप(ऽनो मानसीक स्वास्थ्य ठिक पारे । मैले काजा नेपाल सुरक्षित आवास गृहमा बसेर सिलाई कटाई तालिम सिकेर टेलरमा काम शुरू गरिरहेकी छु । हाल म, मेरो छोरी र श्रीमान्सँगै बस्छौं । मैले आफ्नै सिलाई व्यवसाय संचालन गर्ने योजना बनाएकी छु । म नृत्यको राम्रो प्रशिक्षक भएको हुनाले हाल नृत्य शिक्षकको रूपमा पार्ट टाईम काम गरीरहेकी छु । केहि दिन अघि ललितपुर प्याब्सनको आयोजनामा भएको लोकनृत्य प्रतियोगीतामा मलाई निर्णायक भुमिकाको लागि छनौंटमा परेर काम गर्ने अवसर पाए । यी सबै मेरो सफलताको लागि काजा नेपाल आवास गृहको सम्पुर्ण कर्मचारीहरूलाई हार्दीक धन्यवाद व्यक्त गर्न चाहन्छु ।



## सफलताको कथा

**सानोनानी**

पारिवारिक र आर्थिक बोझका कारण रमाकी (नाम परिवर्तन) आमाले १३ वर्षकै कलिलो उमेरमा उनलाई ओखलढुङ्गाका व्यापारी र नातेदार पर्नेसँग होटलमा काम गर्न र पढ्न भनी पठाएकी थिईन्। एकदिन उनी सधैंझैं काम गरिरहेको बेला उनको मालिकले ड्राइभरलाई  खाना दिन पठाए। खाना दिन जादाँ उनलाई सोही ड्राइभरले पटक पटक जबरजस्ती करणी गरेको र घटनाको बारे कसैलाई बताए मारीदिने धम्की दिएको थियो।

जसको कारणले गर्दा उनी १३ वर्षकी हुँदा गर्भवती भईन्। पछि घटनाको छानबिन गर्ने क्रममा अपराधी फरार भएकोले समुदायका मान्छेले उनलाई अपराधीको घरमा पठाउने निर्णय गर्यो तर अपराधी विवाहित र उसको एक छोरी भएको थाहा पाएपछि रमाको परिवारले प्रहरीलाई खबर गरे। प्रहरीले उनको जबरजस्ती करणी भएकोले पिडक बिरूद्ध जबरजस्ती करणी बिरूद्धको मुद्धा दायर गर्‍यो र उनलाई आपेरोनद्धारा संचालित सुरक्षित आवास गृह ओखलढुङ्गामा पठाइयो। उनको इच्छालाई ध्यानमा राखेर उनको उमेर सानो भएकोले दिर्घकालिन सहयोगको लागी उनलाई र उनको छोरालाई आपेरोनले संचालन गरेको  सानोनानी बाल गृह काठमाण्डौंमा रेफर गरियो।

सानोनानीमा आईसकेपछि सुरूसुरूमा उनलाई कर्मचारी र अन्य बालबालिकाहरूसँग घुलमिल हुनलाई गाह्रो भयो। उनी र उनको बच्चा सुरक्षित रहेको महशुस गराउन उनलाई नियमित मनोसामाजिक परामर्श सत्रमा राखियो।  उनलाई बाल यौन शोषण, स्वास्थ्य सम्बन्धी, बालबालिकाको हेरचाह र सुरक्षित रहनको लागी अर्न्तक्रिया कार्यक्रमहरूमा समावेश गराउदैं लगियो। बिस्तारै आफुलाई सुरक्षित महसुस गर्न थालेपछि उनले परिवारको बारेमा मनोविमर्श सत्रमा खुलेर कुरा गर्न थालिन्। निरन्तर परामर्शको पछि उनले भविष्यमा मद्धत हुने केही सिपहरू सिक्ने निर्णय गरिन्  सोहि अनुसार उनलाई काठमाण्डौंमा रहेको आपेरोनको अर्को काजा नेपाल नामक सुरक्षित आवास गृहबाट आधारभुत र एड्भान्स सिलाई कटाई सबन्धी तालीम र  सिलाई मेसिन सहयोग गर्यो।

स्थानीय सरोकारवाला निकायहरूसँगको समन्वयले उनले आफ्नो जिल्ला बाट नै नागरिकता पाइन्। सानोनानी परियोजना र आपेरोनले उनलाई प्रोत्साहित गर्ने र आर्थिक रूपमा सशक्त बनाउने उद्धेश्यले उनलाई सहयोगी कर्मचारीको रूपमा नियुक्त गरियो। हाल उनी बालगृहको लागि पार्ट टाइम कर्मचारीको रूपमा काम गरी आफ्नो जिम्मेवारीहरू राम्रोसँग पूरा गरिरहेकी छिन्। परियोजनाका कर्मचारीको समन्वयमा उनले नजिकैको गार्मेन्टमा सिलाई कटाइको काम गरेर आफ्नो सीप प्रयोग गरिरहेकी छिन्। उनी अहिले आर्थिक रूपमा सक्षम भइसकेकी छिन्। हाल उनी आत्मविश्वासी र सशक्त भएकोले आफ्ना सबै निर्णयहरू बिवेकपूर्वक ढंगले गर्न सक्ने भएकी छिन्। उनको छोरा कक्षा यु.के.जी.मा अध्ययनरत छन्। आगामी दिनमा सिलाईको काम गरेर आफ्नो र छोराको भविष्य राम्रो बनाउने योजनामा उनी छिन्।

# कार्यक्रमका फोटोहरू



महिला, बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयबाट प्रभावित केन्द्रित अवधारणा तालिमको समापन कार्यक्रममा बोल्दै



राष्ट्रिय महिला आयोगबाट काजा नेपाल आवास गृहमा अनुगमन



काठमाण्डौं महानगरपालिकाको उपमेयरज्यूसँगको बैठक



कागेश्वरी मनोहरा नगरपालिकाको प्रतिनिधिज्यूहरुबाट काजा नेपालमा अनुगमन



सिन्धुली आवास गृहमा जिल्ला प्रहरी कार्यालय र लैङ्गिक हिंसा एकद्धार संकट व्यवस्थापन कार्यालयबाट संयुक्त अनुगमन



अष्ट्रेलियन राजदुतावाससँग संयुक्त बैठक



माननीय महेश बस्नेतज्यूबाट आपेरोनलाई प्रशंसा पत्र प्रदान



जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट आपेरोनलाई प्रशंसा पत्र प्रदान



आपेरोनको निर्वाचित कार्यसमितिको सदस्यहरू



सिन्धुली आवास गृहमा सिलाई तालिमको समापन कार्यक्रममा अतिथिज्यूहरू




प्रभावित केन्द्रित अवधारणा सम्बन्धि कर्मचारीहरुलाई तालिम



उद्यमशिलता तथा बित्तिय साक्षरता सम्बन्धि कर्मचारीहरुलाई तालिम



स्वास्थ्य निर्देशिका सम्बन्धि तालिमको समापन पश्चात् सामुहिक फोटो




आपेरोनद्धारा सहयोग गरेको शिक्षकले प्रारम्भिक बाल विकास कक्षामा बालबालिकालाई सिकाउदैं



अभिभावकिय भूमिका र दायित्वबारे अभिभावकलाई अभिमुखिकरण



योगा गर्दै सानोनानीका बालबालिकाहरू



होली पर्व मनाउदै सानोनानीका बालबालिकाहरू



काजा नेपालमा रहेका बालबालिकाहरू विद्यालय जान तयारी




फुटबल तालिममा सहभागि विद्यार्थीहरू



श्री काम्राङ्ग आधारभुत विद्यालयका बालबालिकाहरू अतिरिक्त क्रियाकलापमा उपहार लिएको




प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययन गर्दै बालिका



जुम्ला जिल्लामा बाख्रापाखलनको लागि सहयोग




श्रृजनशिल उद्यमी मेलामा आपेरोन नेपाल



आपेरोन ODV को प्रतिनिधिसँग आपेरोनको कर्मचारीहरू भेटघाट

APEIRON

MAHILA SASHAKTIKARANDWARA
GRAMIN NEPAL KO
GARIBI NIWARAN




Uccha Marg 4, Tudaldevi Mandir
Baluwatar, Kathmandu, Nepal
Gpo Box 8974, CPC 535

+977 1 454 3520/ 454 4596
info@apeironnepal.org
project@apeironnepal.org
www.apeironnepal.org
www.apeironglobal.org